# किशोरकिशोरीका लागि बनाइएको कोभिड-19 विरुद्धको खोप

## किशोरकिशोरीलाई सेवा प्रदान गर्ने समुदायमा आधारित संस्थाहरूका लागि मन्जुरीनामाका बारेमा जानकारी

Vaccinate WA
CovidVaccineWA.org

Washington State Department of Health (वासिङ्गटन राज्यको स्वास्थ्य विभाग) ले 6 महिना वर्ष वा सोभन्दा बढी उमेरका सबै मान्छेहरूलाई खोप लगाउन सिफारिस गरेको छ ।वासिङ्गटन राज्यको कानुनबमोजिम थुप्रै खालका मन्जुरीनामालाई कानुनी मान्यता दिइएको भए तापनि धेरैजसो खोप प्रदायकहरूले किशोरकिशोरीलाई खोप लगाउनका लागि आमा/बुवा/अभिभावको मन्जुरीनामा माग्छन् । यो कागजातमा राज्यको कानुनअन्तर्गत मान्य ठहरिने मन्जुरीनामाका प्रकारहरूका साथै तपाईंको संस्थाले किशोरकिशोरी (विशेष गरी घरबारविहीन किशोरकिशोरी) लाई कोभिड-19 विरुद्धको खोप लगाउन कसरी मद्दत गर्न सक्छ भन्ने बारेमा जानकारी दिइएको छ ।

### किशोरकिशोरीका लागि मन्जुरी दिन सक्ने वयस्क व्यक्तिहरू:



- आमा/बुवा
- अभिभावक वा कानुनी संरक्षक
- फोस्टर अभिभावकले वा अदालतले फोस्टर होम (च्याप्टर 13.32A वा 13.34 Revised Code of Washington (RCW, वासिङ्गटनको संशोधित कानुन)) मा भएका बच्चाको चिकित्सकीय स्याहारका सम्बन्धमा मन्जुरी दिने अधिकार दिएका अन्य व्यक्ति
- अधिकार पत्रमा हस्ताक्षर गरेर उनीहरूका लागि स्वास्थ्य सेवासम्बन्धी निर्णयहरू लिने अधिकार दिइएका व्यक्ति
- उनीहरूको स्वास्थ्य सेवाका लागि जिम्मेवार आफन्त
- विद्यालयका नर्स, परामर्शदाता वा (संघीय McKinney-Vento Homeless Education Act* मा उल्लिखित परिभाषाअनुसार घरबारविहीन ठहर हुने किशोरकिशोरीका हकमा) घरबारविहीन किशोरकिशोरीका सम्पर्क व्यक्ति

### निम्न अवस्थामा किशोरकिशोरीले आफ्ना लागि आफै मन्जुरी दिन सक्छन्:



- **उनीहरू कानुनी रूपमा बन्धन मुक्त भएका छन् ।** उनीहरूको उमेर 16 वर्ष पुगिसकेको छ र उनीहरूले आफ्ना आमाबुवाको नियन्त्रणबाट छुटकारा पाऊँ भनी आवेदन दिएका छन् र सो आवेदन स्वीकृत गरिएको छ ।
- **उनीहरूले बन्धन मुक्त नाबालिग वा वयस्क व्यक्तिसँग विवाह गरेका छन् ।**
- **सेवा प्रदायकले** Mature Minor Doctrine(परिपक्व नाबालिगसम्बन्धी सिद्धान्त)** बमोजिम **उनीहरू परिपक्व नाबालिग रहेको ठहर गरेको छ ।**

### *McKinney-Vento मा आधारित मन्जुरीनामाका बारेमा थप जानकारी:

राज्यको कानुनबमोजिम घरबारविहीन किशोरकोशोरी वा कम उमेरका वयस्क व्यक्ति (संघीय McKinney-Vento homeless education act (अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ) अन्तर्गत परिभाषित गरिएअनुसार) लाई खोप लगाउनका लागि विद्यालयका नर्स, परामर्शदाता वा घरबारविहीन विद्यार्थीका सम्पर्क व्यक्तिले मन्जुरी दिन पाउँछन् ।

**स्रोतको लिंक:** National Center for Homeless Education, *घरबारविहीन एकल विद्यार्थीहरूलाई शिक्षा हासिल गर्न सहयोग गर्ने,* https://nche.ed.gov/wp-content/uploads/2018/10/youth.pdf - अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ

### **Mature Minor Doctrine का बारेमा थप जानकारी:

उपचार पद्धतिका प्रभाव वा महत्त्व बुझ्ने क्षमता भएका नाबालिगहरूका हकमा केही सेवा प्रदायकहरूले "Mature Minor Doctrine" बमोजिम अवस्था हेरेर नाबालिगहरू आफैले दिएको मन्जुरीनामा स्वीकार गर्छन् ।

सेवाग्राही परिपक्व नाबालिग हो कि होइन भन्ने कुरा निर्धारण गर्ने क्रममा सेवा प्रदायकहरूले नाबालिगको उमेर, बौद्धिक क्षमता, परिपक्वता, प्रशिक्षण, अनुभव, आर्थिक स्वतन्त्रता वा निर्भरता र वयस्कका रूपमा उहाँको सामान्य आचारणलाई ध्यानमा राख्दै उहाँ आमाबुवाको भर नपरी स्वतन्त्र रूपमा निर्णय गर्न सक्षम हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा मूल्याङ्कन गर्छन् ।

## सेवा प्रदायकहरूले विभिन्न तरिकाले मन्जुरी स्वीकार गर्छन् ।

- मौखिक मन्जुरीनामा (फोनमार्फत वा व्यक्तिगत रूपमा भेटेर)
- लिखित मन्जुरीनामा (फारम)
- केही सेवा प्रदायकले मौखिक र लिखित दुवै मन्जुरीनामा माग्छन् ।
- उनीहरूका लागि मन्जुरी दिने वयस्क व्यक्तिले व्यक्तिगत रूपमा भेटेर दिने मन्जुरीनामा ।

### किशोरकिशोरीलाई खोप लगाउन कसरी मद्दत गर्ने

- □ **Vaccine Locator (भ्याक्सिन लोकेटर) (vaccinelocator.doh.wa.gov) मा भएका फिल्टरसम्बन्धी विकल्पहरू प्रयोग गर्नुहोस् वा आफ्ना सेवा प्रदायकलाई फोन गरेर कस्तो खालको मन्जुरीनामा चाहिन्छ भनी सोध्नुहोस् ।** Vaccine Locator मा रहेको Youth Friendly (किशोरकिशोरी मैत्री) नामक फिल्टरले तपाईं र किशोरकिशोरीलाई पायक पर्ने मन्जुरीनामा स्वीकार गर्ने खोप केन्द्र खोज्न मद्दत गर्छ । अपोइन्टमेन्टका लागि तयार हुने सम्बन्धमा सुझावहरू पाउन तल रहेको "किशोरकिशोरीले जुन खालको मन्जुरीनामा दिनु पर्ने हो उनीहरूलाई त्यसका लागि तयार हुन मद्दत गर्नुहोस्" खण्ड हेर्नुहोस् ।
- □ **खोप लगाउने स्थानमै गएर वा फोन गरेर अपोइन्टमेन्ट लिन सकिने खोप केन्द्रहरू खोज्नुहोस् ।** धेरैजसो सेवा प्रदायकहरूले अनलाइन अपोइन्टमेन्ट लिनका लागि आमा/बुवा वा अभिभावकको मन्जुरी माग्छन् ।
- □ **मन्जुरीनामा प्राप्त गर्नका लागि स्कुलसँग सम्पर्क गर्नुहोस् ।** तपाईं जुन किशोर/किशोरीसँग काम गर्दै हुनुहुन्छ उहाँका हकमा McKinney-Vento प्रावधान लागू हुन्छ भने तपाईं स्कुलका नर्स, स्कुलका परामर्शदाता वा घरबारविहीन विद्यार्थीका सम्पर्क व्यक्तिलाई मन्जुरीनामा दिन आग्रह गर्न सक्नुहुन्छ । केही सेवा प्रदायकहरूले खोप लगाउन आउँदा वयस्क व्यक्ति पनि उपस्थिति हुनु पर्ने मापदण्ड तोकेका हुन्छन् । खोपसम्बन्धी अपोइन्टमेन्टमा विद्यार्थीसँग को जाने भन्ने कुराको निर्णय गर्न स्कुलका कर्मचारीसँग अग्रिम रूपमा सम्पर्क वा समन्वय गर्नुहोस् ।
- □ **आफैले घुम्ती खोप कार्यक्रम आयोजना गर्नुहोस् वा किशोरकिशोरीलाई कुनै विद्यमान क्लिनिकमा पठाउनुहोस् ।**
  - □ Care-A-Van कार्यक्रमका लागि अनुरोध गर्नुहोस् – अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ । WA State Department of Health Care-A-Van (doh.wa.gov/CareAVan) ले तपाईंका लागि खोपहरू ल्याइदिन सक्छ । खोप कार्यक्रम आयोजना गर्ने योग्य सामुदायिक संस्थाहरूका लागि आर्थिक सहयोगको व्यवस्था छ । Care-A-Van ले परिपक्व नाबालिकहरूले दिएको मन्जुरीनामासहित यो कागजातको अगाडिको भागमा उल्लिखित सबै प्रकारका मन्जुरीनामा स्वीकार गर्छ ।
- □ **किशोरकिशोरीले जुन खालको मन्जुरीनामा दिनु पर्ने हो उनीहरूलाई त्यसका लागि तयार हुन मद्दत गर्नुहोस्:**
  - □ किशोर/किशोरीको अपोइन्टमेन्टमा कोही वयस्क व्यक्ति अनिवार्य रूपमा उपस्थित हुनु पर्छ भने उहाँसँग समन्वय गर्नुहोस् ।
  - □ सेवा प्रदायकले लिखित मन्जुरीनामा स्वीकार गर्छ भने किशोर/किशोरीलाई फारम प्रिन्ट गर्न र त्यसमा हस्ताक्षर गराउन सहयोग गर्नुहोस् ।
  - □ उनीहरू बन्धन मुक्त नाबालिग हुन् वा उनीहरूले बन्धन मुक्त नाबालिग वा वयस्क व्यक्तिसँग विवाह गरेको छन् भने उनीहरूलाई सम्बन्धित कागजपत्र जुटाउन सहयोग गर्नुहोस् ।
  - □ उनीहरू McKinney-Vento प्रावधानका आधारमा मन्जुरी प्राप्त गर्दै छन् भने सुसूचित मन्जुरीनामासम्बन्धी कानुन: RCW 7.70.065 (अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ) को प्रतिलिपिमा स्कुलसँग सम्बन्धित भाग हाइलाइट गरेर ल्याउनुहोस् । (कानुनको लिंक: https://app.leg.wa.gov/RCW/default.aspx?cite=7.70.065)
  - □ उनीहरू Mature Minor Doctrine का आधारमा आफै मन्जुरी दिने सोचमा छन् भने उनीहरूलाई आफू आमाबुवाको अधीनमा नरहेको कुरा प्रमाणित गर्ने कागजपत्र र जानकारी जुटाउन मद्दत गर्नुहोस् । सबै सेवा प्रदायकले ती कागजपत्र र जानकारी माग्दैनन् तर तपाईंले ती कागजपत्र र जानकारी प्रदान गर्नुभयो भने सजिलो हुन सक्छ । केही सेवा प्रदायकहरूले आफ्नो सेवा केन्द्रमा परिपक्व नाबालिग निर्धारण गर्ने कार्य गर्दैनन् तर पहिलेका सेवा प्रदायकले त्यस्तो निर्धारण गरेका छन् भने त्यसलाई स्वीकार गर्छन् ।

Washington State Department of Health
HEALTH
DOH 825-017 July 2023 Nepali
तपाईं यो कागजात कुनै अर्को ढाँचामा प्राप्त गर्न चाहनुहुन्छ भने 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा श्रवण शक्ति कमजोर भएका सेवाग्राहीहरूले कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल पठाउनुहोस्